

# बजार अवलोकन ६२

## माघ, २०७०†

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***२०७० माघ महिनामा नेपालभर १२ बजारहरुमा अनुगमन गरिएका खाद्य वस्तुहरुको खुद्रा मूल्यहरुले मिश्रित प्रवृति देखाए जस अन्तर्गत मोटा चामल र गहुँको पिठोको मूल्यले बढ्दो प्रवृति देखाए भने दालहरु र आलुको मूल्यले घट्दो प्रवृति देखाए ।***
- ***२०७० माघ महिनामा समग्र स्फीतिदर ८.८ प्रतिशत भयो । खाद्य तथा पेय पदार्थको स्फीतिदर १०.८ प्रतिशतमा उच्च रहनुका साथै निम्न खाद्य वस्तुहरुको उच्च स्फीतिदर कायमै रहयो: मासु र माछा (१९.५ प्रतिशत), फलफुल (१५.५ प्रतिशत), अन्नहरु (१३.० प्रतिशत), र मरमसलाहरु (११.१ प्रतिशत) ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७० माघ महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य वस्तुहरुको खुद्रा मूल्यहरुले न्यून रुपमा उतारचढाव देखाए । मासिक रुपमा मोटा चामल र गहुँको पिठोको खुद्रा मूल्य क्रमश: १.४ र ३.३ प्रतिशतका दरले बृद्धि भयो भने मास र मुसुरोको मूल्य क्रमश: ०.१ र ०.८ प्रतिशतका दरले न्यून रुपमा घट्यो । यसैगरी, कुखुराको मासु र रातो आलुको खुद्रा मूल्य क्रमश: १.७ र ६.१ प्रतिशतका दरले घट्यो । यद्यपि, भटमासको तेलको मूल्य स्थिर रहयो । तीन महिना अगाडीको तुलनामा गहुँको पिठो र भटमासको तेलको मूल्य बाहेक प्राय मूल्यहरुले घट्दो प्रवृति देखाए । यसको ठिक विपरीत गत वर्ष यही समयको तुलनामा प्राय मूल्यहरुले बढ्दो प्रवृति देखाए (अपवाद स्वरुप तोरीको तेल बाहेक) ।

मोटा चामल र गहुँको पिठोको मूल्यको बढ्दो प्रवृति (अपवादस्वरुप तराइका बजार बाहेक) का साथमा क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय औसत भन्दा केही भिन्न प्रवृति देखाए । यद्यपि, तराइका बजारहरुमा बाहेक सम्पूर्ण बजारहरुमा मुसुरोको मूल्य स्थिर रहयो ।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा नियमित रुपमा बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा अनुगमन गरिएका थोक मूल्यहरुले खुद्रा मूल्यहरुसंग मिल्दोजुल्दो प्रवृति देखाए । कालीमाटी फलफूल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका तरकारीहरु जस्तै काउली, बन्दा, गोलभेडा, गाँजर, पालुङ्गो, फर्सी र रामतोरीयाको मूल्यले बढ्दो प्रवृति देखाए भने घ्यू सीमी, मुला र सुकेको प्याजको मूल्यले घट्दो प्रवृति देखाए ।

नेपाल राष्ट्र बैंक द्वारा २०७० माघमा प्रकाशित समग्र उपभोक्ता मूल्य सूचकाङ्क १९६.१ प्रतिशतमा कायम रहयो, जुन मासिक रुपमा ०.८ प्रतिशतले कम हो । CPI मा वार्षिक स्फीतिदर ८.८ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको CPI २३२.२ मा कायम रहयो, जुन मासिक रुपमा १.७ प्रतिशतले कम हो तर वार्षिक रुपमा १०.८ प्रतिशतले बढी हो; अन्य विभिन्न खाद्य वस्तहरुको CPI ले वार्षिक रुपमा उच्च बृद्धि देखाए; मासु र माछा (१९.५ प्रतिशत), फलफुल (१५.५ प्रतिशत), अन्नहरु (१३.० प्रतिशत), र मरमसलाहरु (११.१ प्रतिशत) । गैह्र खाद्य बस्तुहरु र सेवा सम्बन्धि CPI १६९.२ मा कायम रहयो, जुन मासिक रुपमा ०.१ प्रतिशतले कम हो भने वार्षिक रुपमा ६.९ प्रतिशतले बढी हो ।

### आपूर्ति

बजार र यातायात सेवाहरु सुचारु रुपमा सञ्चालन भएको हुनाले देशभर आपूर्ति अवस्था सामान्य रहेको छ; जसको फलस्वरुप पहाडी तथा हिमाली बजारहरुमा समेत माग अनुसार खाद्य तथा गैह्र खाद्य वस्तुहरुको पर्याप्त आपूर्ति रहेको रिपोर्ट छ । विश्व खाद्य कार्यक्रमका जिल्ला र क्लस्टर संयोजकहरुले सडकको बढ्दो पहुँचले स्थानीय कृषक र उत्पादकहरुको अतिरिक्त उत्पादन बेचबिखनमा मद्दत पुगेको रिपोर्ट गरेका छन् ।

### पूर्वानुमान

प्राय अनुगमन गरिएका बालीहरुको उत्पादन रित्त हुने समय नजिकिएको हुनाले आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान छ । यसका साथै, इन्धनको मूल्यमा हालै भएको बृद्धिले यातायात लागतमा बृद्धि गराई बस्तुहरुको मूल्यमा बृद्धि गराउने सम्भावना छ ।

देशभर समयमा नै वर्षा भएको हुनाले गहुँ र जौ जस्ता हिउँदे बालीहरुको पूर्वानुमान राम्रो हुने अपेक्षा छ । यद्यपि, दैलेख र पर्वतका केही गाविसहरुमा हालैको असिनापातले हिउँदे बाली क्षती गरेको रिपोर्ट छ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| पेट्रोल र डिजेल | विभिन्न | > २.४ | नेपाल आयल निगमको निर्णय । |
| सुकेको प्याज, आलु, काको र मुला | विभिन्न | >-६ | बाली भिञ्चाउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७० माघ महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Suraksha Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-६२

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- माघ, २०७०

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४२.० | २.४ | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४५.० | ४.७ | ४.७ | ३२.४ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४५.० | ०.० | १.४ | १.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २९०.० | -३.३ | -२५.६ | ५.५ | ▶ | ▼ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ७.८ | ७.८ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | -४.३ | -६.० | -२.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | २.८ | १०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | -१४.३ | -४७.४ | -६.३ | ▼ | ▼ | ▶ |
| पोखरा | मोटा चामल | ४३.८ | ०.० | ४.२ | ४.२ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.५ | १.२ | -१.२ | २१.४ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४३.८ | -०.८ | ०.६ | -४.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३१०.० | -२१.५ | ३.३ | -३.१ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १८१.३ | ०.७ | -२.० | ०.७ | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | ४.२ | १.६ | ४.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -२.७ | ४.८ | ▶ | ▶ | ▶ |
| | आलु | २८.८ | -२८.१ | २.७ | -१७.९ | ▼ | ▶ | ▼ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३८.० | ०.० | -९.५ | २६.७ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | -७.१ | -७.१ | -३.७ | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | -७.१ | -१३.३ | -४.८ | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | १६५.० | ०.० | -५.७ | -८.३ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -४.३ | ४.३ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | २४.० | -७.७ | -३१.४ | -२०.० | ▼ | ▼ | ▼ |
| बिरगंज | मोटा चामल | ३६.० | ०.० | -१४.३ | ०.० | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ३८.० | ०.० | ५.६ | २.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | -३.४ | -३.४ | -९.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | ०.० | -६.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १७०.० | ३.० | ०.० | -५.६ | ▶ | ▶ | ▶ |
| | मास | ९५.० | -५.० | -५.० | -५.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०४.० | -५.५ | -३.७ | ४.० | ▼ | ▶ | ▶ |
| | आलु | १८.० | -४०.० | -७०.० | -१०.० | ▼ | ▼ | ▶ |
| नेपालगंज | मोटा चामल | ३६.० | २.९ | २.९ | ५.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | २.९ | २.९ | १२.५ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | १.४ | ११.१ | ७.१ | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | -१४.३ | ०.० | ▶ | ▼ | ▶ |
| | तोरीको तेल | १७०.० | ३.० | ३.० | -१५.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | -७.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | -४.८ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | ५०.० | २०.० | -६.३ | ▲ | ▲ | ▶ |
| धनगढी | मोटा चामल | ३७.० | १.४ | ५.७ | ५.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ४.२ | ६.१ | ७.४ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ०.० | ३.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | -१.३ | ५.६ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६२.० | १.३ | -४.७ | -८.० | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | -१.६ | -३.८ | -६.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ९.१ | ९.१ | ९.१ | ▲ | ▶ | ▶ |
| | आलु | ३०.० | २०.० | -२५.० | २०.० | ▲ | ▼ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना१ ६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३२.० | -५.९ | -८.६ | १४.३ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | १२.५ | १८.४ | २८.६ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १४०.० | ७.७ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | ०.० | -१३.८ | ७.७ | ▶ | ▼ | ▶ |
| | तोरीको तेल | १६०.० | -११.१ | ०.० | -५.९ | ▼ | ▶ | ▶ |
| | मास | ११०.० | -८.३ | १.९ | -१२.० | ▼ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -८.३ | १०.० | ०.० | ▼ | ▶ | ▶ |
| | आ | २५.० | ०.० | -१८.६ | ४.२ | ▶ | ▼ | ▶ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४०.० | ०.० | -११.१ | २१.२ | ▶ | ▼ | ▲ |
| | गहुँको पिठो | ४६.० | ०.० | -८.० | ३१.४ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १७५.० | ०.० | १६.७ | १६.७ | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | ३००.० | ०.० | -१४.३ | १५.४ | ▶ | ▼ | ▲ |
| | मास | १२०.० | ०.० | -४.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -८.३ | -८.३ | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | -१६.७ | ०.० | ४२.९ | ▼ | ▶ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | ०.० | ६.३ | -१५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | १२.५ | १२.५ | -१८.२ | ▲ | ▲ | ▼ |
| | भटमासको तेल | १५०.० | ०.० | -६.३ | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ०.० | ०.० | २२.२ | ▶ | ▶ | ▲ |
| | मास | ११०.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ९.१ | ९.१ | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | -१०.० | १२.५ | ८०.० | ▼ | ▲ | ▲ |
| सांफेबगर | मोटा चामल | ४०.० | १४.३ | ८.१ | १४.३ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ८.१ | ११.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३८०.० | ०.० | -५.० | २६.७ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | १७०.० | ०.० | -२.९ | -५.६ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | -११.१ | ०.० | ▶ | ▼ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | -६.३ | ९.१ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | -२०.० | -२०.० | ▶ | ▼ | ▼ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ०.० | -३.० | -११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | ०.० | ०.० | ५.३ | ▶ | ▶ | ▶ |
| | मास | १४०.० | ०.० | -६.७ | ४०.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | १४०.० | ०.० | -६.७ | - | ▶ | ▶ | - |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| बाजुरा | मोटा चामल | ३७.० | ५.७ | २.८ | १२.१ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४४.० | ४.८ | -८.३ | १०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ९.१ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ९.१ | ९.१ | ०.० | ▲ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ९.१ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४३.० | २.४ | २.४ | ७.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २४०.० | २०.० | २०.० | ४.३ | ▲ | ▲ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | १२०.० | ०.० | २०.० | १४०.० | ▶ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशित सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकाशित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कूनै जरुरी छैन ।